# बलपूर्वक बेपत्ता पारिएका पीडितहरुको अन्तर्राष्ट्रिय दिवस

## (International Day of the Victims of Enforced Disappearances)

## का सन्दर्भमा जारी

## प्रेस विज्ञप्ति

बलपूर्वक बेपत्ता पारिएका पीडितहरुको अन्तर्राष्ट्रिय दिवस (International Day of the Victims of Enforced Disappearances) हरेक वर्ष अगष्ट ३० मा मनाइन्छ। यस दिवसका सन्दर्भमा आयोग बलपूर्वक बेपत्ता पारिएका पीडितहरुलाई स्मरण गर्दै पीडित परिवारहरु प्रति हार्दिक सम्मान व्यक्त गर्दछ ।

नेपालमा सम्वत् २०५२ साल फागुन १ गतेदेखि २०६३ साल मंसिर ५ गतेसम्म भएको सशस्त्र द्वन्द्व २०६३ साल मंसिर ५ गते सम्पन्न विस्तृत शान्ति सम्झौतापछि विधिवत रुपमा अन्त्य भयो। विस्तृत शान्ति सम्झौताको दफा ५.२.५ मा सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्नहरूको बारेमा सत्य अन्वेषण र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने प्रबन्ध गरियो। यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ मा सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा गठित छानबिन आयोगको प्रतिवेदनको आधारमा पीडित परिवारहरूलाई राहत उपलब्ध गराउने, सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्नहरूको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने लगायतको प्रबन्ध गरियो। नेपालको संविधानको धारा ३०४ को उपधारा (२) मा नेपालको अन्तरिम संविधान, २०६३ बमोजिमका शान्ति प्रकृया सम्वन्धी कार्यहरु यसै संविधान बमोजिम भए गरेको मानिनेछ भन्ने व्यवस्था गरी सो व्यवस्थालाई निरन्तरता दिइएको छ।

सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरुको सम्बन्धमा छानबिन, सत्य अन्वेषण, परिपूरणको सिफारिस, परिचयपत्र वितरण, छानविनबाट दोषी देखिएका पीडकलाई कारबाहीका लागि सिफारिस गर्नेसमेतका काम गर्न बेपत्ता परिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम यस आयोगको गठन भएको हो ।आयोगमा हालसम्म दर्ता भएका ३२८८ उजुरीहरु मध्ये ७४६ उजुरीहरु फछ्र्यौट भई २९ उजुरीहरु प्रारम्भिक छानबिनमा र २५१३ उजुरीहरु विस्तृत छानबिनको क्रममा रहेका छन् । आयोगबाट १३४९ बेपत्ता पीडित परिवारलाई पीडित परिचयपत्र उपलब्ध गराइएको छ । सरकारबाट हालसम्म कुनै राहत प्राप्त नगरेका ५४९ उजुरीका पीडित परिवारलाई अन्तरिम राहत स्वरुप प्रति परिवार रु.१० लाख उपलब्ध गराउन नेपाल सरकार समक्ष आयोगबाट सिफारिस गरिएकोमा हालसम्म ९३ परिवारले मात्र अन्तरिम राहत स्वरुप प्रति परिवार रु.१० लाख प्राप्त गरेको अवस्था छ।

यस दिवसका सन्दर्भमा २०८१ भदौ १३ गते माननीय कानुन न्याय तथा संसदीय मामिला मन्त्री श्री अजय कुमार चौरसियाज्यूको प्रमुख आतिथ्यता र यस आयोगका सचिव श्री लोकराज पराजुलीको अध्यक्षतामा यस आयोगद्वारा सशस्त्र द्वन्द्वका क्रममा बलपूर्वक बेपत्ता पारिएका व्यक्ति तथा उहाँहरुका पीडित परिवाजनप्रति सम्मान प्रकट गर्न एक कार्यक्रम आयोजना गरियो। यस कार्यक्रममा आयोगका सहसचिव श्री कविराज पौडेलले स्वागत मन्तब्य राख्दै आयोगबाट भए गरेका हाल सम्मका गतिविधि सम्वन्धमा प्रष्ट पार्नु भयो। माननीय महान्याधिबक्ता श्री रमेश वडाल विशेष अतिथि रहनुभएको यो कार्यक्रममा संविधान सभा सदस्य तथा बेपत्ता पीडित परिवारका सदस्य श्री एकराज भण्डारी र श्री सावित्रा गुरुङ दुरा, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव श्री उदयराज सापकोटा, सत्य निरूपण तथा मेलमिलाप आयोगका सचिव श्री आलोकचन्द्र

श्रेष्ठ, नायव महान्यायाधिवक्ता श्री संजिवराज रेग्मी लगायत सशस्त्र द्वन्द्वका क्रममा बलपूर्वक बेपत्ता पारिएका पीडितसंग संबद्ध संघ संस्थाका प्रतिनिधि एवं पीडित परिवारका सदस्यहरु समेतको उपस्थिति रहेको थियो। पीडितको योगदानलाई संस्थागत गर्दै राज्यले अभिभावकत्व ग्रहण गरी पीडित परिवारजनलाई परिपूरण सहितको न्याय प्रदान गर्नु पर्दछ भन्ने विषयमा सवैको प्रतिबद्धता देखियो।

संक्रमणकालीन न्यायको विश्वव्यापी सिद्धान्त, पीडितहरुले उठाएका अन्तर्राष्ट्रिय मानवीय कानून अनुरुपका सवालहरु तथा तत्सम्बन्धी सम्मानित सर्वोच्च अदालतबाट भएका आदेशहरु समेत समावेश गरी **बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१** संशोधनका लागि पटक पटक व्यक्त प्रतिवद्धता बमोजिम उक्त ऐनमा तेस्रो संशोधन गर्न बनेको विधेयक संघीय संसदबाट पारित भई सम्माननीय राष्ट्रपतिबाट प्रमाणीकरण भई सकेको छ। अब आयोगमा सक्षम तथा विश्वसनिय पदाधिकारीहरु नियुक्त हुने अपेक्षा गरिएको छ। संक्रमणकालीन न्याय प्रकृयालाई टुङ्गोमा पुऱ्याउन बेपत्ता पीडित परिवार, सरोकारवाला व्यक्ति, संघ संस्थाहरुसँग सहकार्य गर्दै कार्यसम्पादन गर्न आयोग तत्पर रहेकोले सशस्त्र द्वन्द्वकालीन घटनाहरुको सत्य तथ्य पत्ता लगाउने, घटनामा संलग्न व्यक्तिहरुलाई कानूनको दायरामा ल्याउने तथा पीडित परिवारलाई परिपूरण सिफारिस गर्ने समेतका कार्यमा आयोगलाई मन, वचन र कर्मले सहयोग गर्न सम्बद्ध सबै पक्षहरुसँग आयोग हार्दिक आग्रह गर्दछ।

..........................................

(कविराज पौडेल)

प्रवक्ता

बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग, नेपाल

मितिः२०८१/०५/१४